लुङ्ग्री गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बडाचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

९८५७८२४५६६


पत्र संख्याः २०८०।०८१

सूचना नम्बरः

## अटो तथा ई-रिक्सा दर्ता गर्नुहुन सम्बन्धी सूचना

(प्रथमपटक प्रकाशित मितिः २०८०।१०।१६)

यस लुङ्ग्री गाउँपालिकाको गाउँ कार्यपालिकाले मितिः-२०८०।०९।०३ गते पारित गरेको अटो तथा ई-रिक्सा संचालन तथा व्यवस्थापन कार्यविधि,२०८० को दफा ५ बमोजिम लुङ्ग्री गाउँपालिका क्षेत्रभित्र संचालन हुने अटो तथा ई-रिक्साहरुलाई संचालन अनुमति तथा रुट ईजाजत प्रदान गर्ने प्रायोजनका लागि आवेदन आव्हान गरिएको हुँदा मितिः-२०८०।११।१५ गते भित्र तपशिल बमोजिमका कागजात सहित यस कार्यालयमा आफ्नो अटो तथा ई-रिक्सा दर्ता वा सूचिकरण गर्नको लागि अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपशिलः

अटो तथा इ-रिक्सा दर्ता गर्न सवारीसाधन सहित सवारीधनी स्वयं उपस्थित भई देहायका कागजात पेश गर्नुपर्नेछः

(१) अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,

(२) निवेदकको नेपाली नागरिकताको प्रतिलिपी,

(३) निवेदकको २ प्रति पासपोर्ट साईजको फोटो,

(४) चालकको सवारी चालक अनुमति पत्र ,

(५) सवारी साधनको ब्लुबुक,

(६) सवारी साधनको बीमा,

(७) लुम्बिनी प्रदेश, यातायात व्यवस्था कार्यालयमा सवारी साधन कर तिरेको रसीद,

(८) प्रदुषण मापदण्ड भित्र परेको प्रमाणित कागजात,

(९) सवारी साधनको इन्जिन र च्यासिसको फोटो,

(१०) गाउँपालिकाको आर्थिक ऐनमा तोकिएको दर्ता शुल्क

जीत बहादुर परियार
(प्रमुख प्रशासकीय अधिकृत)

अनूसुची १
(दफा ५ सँग सम्बन्धित)

## अटोरिक्सा तथा ई-रिक्सा सूचीकरण गर्नको लागि निवेदनको नमुना

मितिः- .................................

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
लुङ्ग्री गाउँपालिका, किलाचौर, रोल्पा ।

विषयः टेम्पो/अटोरिक्सा/ई-रिक्सा सुचिकृत गरी पाँउ ।

यस लुङ्ग्री गाउँपालिकाको क्षेत्रभित्र मेरो/हाम्रो नाममा रहेको निम्नानुसारको सवारी साधन सञ्चालन गर्न तपशिल बमोजिमको विवरण र कागजातहरुका साथै रु. .......... अक्षरेपी ...................... राजश्व दाखिला भौचरको प्रतिलिपि संलग्न गरी टेम्पो/अटोरिक्सा सूचीकरण गरिदिनुहुन यो निवेदन पेश गरेको छु ।

तपशिलः
१. सवारी धनीको नामः
२. सवारी साधन नम्बरः
३. इन्जिन नम्बरः
४. चेसिस नम्बरः

संलग्न कागजातहरुः
क. सवारी दर्ता प्रमाणपत्रको प्रतिलिपि
ख. सवारी चालक प्रमाणपत्रको प्रतिलिपि
ग. प्रदुषण मापदण्डभित्र परेको प्रमाणपत्रको प्रतिलिपि
घ. सक्कल भन्सार प्रज्ञापन पत्र/भन्सार महशुल तिरेको रसिदको प्रतिलिपि
ङ. फर्म वा कम्पनी भए दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि
च. आयकर दर्ताको प्रमाणपत्र / करचुक्ता प्रमाणपत्र / मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि
छ. बीमाको कागजातको प्रतिलिपि
ज. वित्तिय संस्थावाट ऋण लगानी भै दर्ता हुनेहरुको हकमा वित्तिय संस्थाको दर्ता प्रमाणपत्र, आयकरको करचुक्ता र व्यक्ति भए नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
झ. सवारीधनी स्वयं उपस्थित हुनुपर्ने, स्वयं उपस्थित हुन नसक्ने भएमा सवारी धनीले मन्जुरीनामा दिएको पत्र ।

निवेदक
नाम थरः-
ठेगानाः-
सम्पर्क नम्बरः-
हस्ताक्षर/छापः-